नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
जेठ/असार २०७१ (June 2014) वर्ष १८/अङ्क २०७

## "पवित्र आत्माको बप्तिस्मा र भरपूरी"

-पाष्टर रोबर्ट कार्थक

भोलि जेष्ठ १८ गते २०७१ तदनुसार ८ ता. जुन २०१४ सालको दिन सारा विश्वव्यापी मण्डलीमा जहीँ कहीँ 'पेन्तिकोस आइतबार' (Pentecost Sunday) मनाइन्छ । त्यस दिन परमेश्वर पिताले पठाउँछु भनी प्रतिज्ञा गर्नुभएको पवित्र आत्मा उहाँका भक्तहरूमाथि उत्रि आउनुभएको थियो र मण्डली स्थापना भएको थियो । त्यो दिन ख्रीष्टिय मण्डलीको जन्मदिन हो । यसैले पवित्र आत्माको बप्तिस्मा र त्यससँग आउने पवित्र आत्माको भरपूरीबारे केही कुरा लेख्न चाहन्छु ।

येशू प्रभुको बौरी उठाइको दिनमा यहूदीहरूको डरको कारण ढोकाहरू बन्द गरेर लुकिरहेका चेलाहरूकहाँ उहाँ देखा पर्नुभयो । किलाले छेडिएका आफ्ना हातहरू साथै भालाले रोपेको आफ्नो कोखाका चोटहरू देखाउँदै क्रूसमा चढाइनुभएको येशू प्रभु उहाँनै हुनुहुन्छ भन्ने कुराको प्रमाण दिएर तिनीहरूको विचलित हृदयलाई उहाले शान्त गराउनुभयो । उहाँलाई देखेर चेलाहरू अति खुशी भए । यूहन्ना २०:२१-२२ मा लेखिएको छ, "तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, 'तिमीहरूलाई शान्ति !' जसरी पिताले मलाई पठाउनुभयो त्यसरी म पनि तिमीहरूलाई पठाउँछु । अनि यति भनेर उहाँले तिनीहरूमाथि फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ ।" परमेश्वरको काम गर्न पठाउनुभन्दा अघि उहाँले तिनीहरूलाई फुकेर पवित्र आत्मा दिनुभयो । उहाँको पुनरुत्थानपछि चालीस दिनसम्म उहाँ आफ्ना चेलाहरूकहाँ बेला-बेला देखा पर्दै रहनुभयो । उहाँको स्वर्गारोहणको अघि उहाँले आफ्ना चेलाहरूलाई सारा जगतमा गएर सारा सृष्टिलाई सुसमाचार सुनाउने, विश्वास गर्नेहरूलाई बप्तिस्मा दिने, सबै आज्ञाहरू पालन गर्नलाई सिकाउँदै तिनीहरूलाई चेला बनाउने आदेश दिनुभयो । यसलाई हामी उहाँको 'महान आज्ञा' पनि भन्छौं । उहाँले अह्राउनुभएको यो ठूलो काम पूरा गर्नलाई ती चेलाहरूलाई ईश्वरीय शक्तिको आवश्यकता थियो । न ता बलले, न शक्तिले तर मेरो आत्माद्वारा मात्र परमेश्वरको काम गर्न सकिन्छ भनी परमेश्वरले पहिल्यैबाट जकरिया ४:६ मा भनिसक्नुभएको थियो । मानिसको आफ्नै मानवी बल र शक्तिले परमेश्वरको काम गर्न नसकिने हुनाले तिनीहरूलाई पवित्र आत्माको शक्तिको ठूलो खाँचो थियो । यसैले चेलाहरूलाई 'महान आज्ञा' दिइसक्नुभएपछि स्वर्ग जानभन्दा अघि प्रभुले आफ्ना चेलाहरूलाई यरुसलेमबाट कतै नजाने तर पिताको प्रतिज्ञा पर्खिरहने आदेश दिनुभयो । उहाँले तिनीहरूलाई भन्नुभयो, "...यूहन्नाले ता पानीले बप्तिस्मा दिए तर अबको थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ । (प्रेरित १:४-५)

त्यसपछि उहाँले ८ पदमा भन्नुभयो, "पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ ... र तिमीहरू मेरा गवाही हुनेछौ ।" लूका २४:४९ मा पनि प्रभुले उहाँको स्वर्गारोहणको अघि आफ्ना चेलाहरूलाई यसरी भन्नुभयो, "हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति नपाउञ्जेल यही शहरमै पर्खिरहो ।"

ती चेलाहरू दश दिनसम्म प्रार्थना गर्दै पर्खिरहे । समय पूरा भएपछि पेन्तिकोसको दिनमा पवित्र आत्मा तिनीहरूमाथि आउनुभयो र तिनीहरू आत्माले भरिए । पवित्र आत्माद्वारा परमेश्वरको ईश्वरीय शक्ति प्राप्त गर्नलाई ती चेलाहरूले पवित्र आत्माको बप्तिस्माको निम्ति पर्खन पऱ्यो । त्यसपछि मात्र परमेश्वरका काम गर्नलाई तिनीहरू सुसज्जित भई बाहिर निक्ले ।

प्रभु येशू आफैले पनि तीस वर्षको उमेरमा यूहन्नाको हातबाट पानीको बप्तिस्मा लिएपछि पवित्र आत्माको अभिषेक लिनुभयो (लूका ३:२१-२२) । त्यसपछि मात्र उहाँले परमेश्वरको सेवामा हात हाल्नुभयो । प्रेरित १०:३८ अनुसार परमेश्वरबाट पवित्र आत्मा र शक्तिको अभिषेक पाउनुभएपछि मात्र उहाँ मानिसहरूका बीचमा सुकर्म गर्दै र शैतानबाट पेलिएकाहरू सबैलाई निको पार्दै हिँड्नुभयो ।

कन्या मरियमको गर्भबाट पवित्र आत्माद्वारा नै जन्मनुभएको भएता पनि तीस वर्षसम्म उहाँले रोगी-बिरामीहरू निको पार्ने, भूतात्माहरू धपाउने, कुष्ठ रोगीहरूलाई शुद्ध पार्ने, मुर्दाहरूलाई जियाउने जस्ता सुकर्महरू केही गर्न सक्नु भएन । यहाँसम्म कि उहाँले स्वर्गको राज्यको सुसमाचार पनि प्रचार्नु भएन । अरू केही शक्तिका चिन्ह-चमत्कार पनि उहाँबाट हुन सकेन । परमेश्वर पुत्र ख्रीष्ट येशू प्रभुले पनि पवित्र आत्माको अभिषेकविना परमेश्वरको काम गर्न सक्नु भएन भने हामी जस्ता कमजोर पात्रहरूलाई त झन् कति बढ्ता गरी पवित्र आत्माको अभिषेकको खाँचो छ ।

पहिलो पेन्तिकोसको पवित्र आत्माको भरपूरीको त्यस अनुभवको निम्ति चेलाहरूलाई प्रार्थनामा दश दिनसम्म पर्खनु पऱ्यो । अब हामीलाई त्यसरी पर्खनुपर्ने आवश्यकता छैन कारण प्रेरित २:३३ अनुसार प्रभु येशू ख्रीष्टले पिताको हातबाट यो वरदान लिएर मण्डलीमाथि खन्याइसक्नुभएको छ । अब प्रभु येशूमा विश्वास गर्ने विश्वासीहरूले प्रभुसँग मागेर यो वरदान तुरुन्त प्राप्त गर्न सक्छन् । कतिले सोच्छन्, पवित्र आत्माको भरपूरी पाउनलाई हामीले आफैलाई योग्यको बनाउनुपर्छ, सबै पाप-अधर्महरू त्यागेर आफैलाई अझ पवित्र बनाउनुपर्छ । बाइबल पढ्ने, प्रार्थना गर्ने, उपवास बस्ने जस्ता कुराहरूमा बढी ध्यान दिनुपर्छ, आफ्नो जीवन सुधार्नुपर्छ । यदि यसरी आफ्नै परिश्रममा भर परेर परमेश्वरको आत्माको वरदान प्राप्त गर्न चाहन्छौं भने यो वरदान त सित्तैंमा पाइने वरदान नै भएन ।

कोशिषद्वारा कमाउनुपर्ने इनाम पो भयो ।
प्रेमको उपहार भएन, सफलताको पुरस्कार पो भयो ।

एउटा विश्वासी भएर पनि अझसम्म पवित्र आत्माको बप्तिस्मा पाउनुभएको छैन भने त्यसको एउटै कारण यो हो कि तपाईंले यो वरदान विश्वाससाथ माग्नुभएको छैन । याकूब ४:२ ले भन्दछ, "तिमीहरूलाई केही मिल्दैन किनकि तिमीहरू माग्दैनौं ।"

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| जेठ ३१ June 14 | पाष्टर सामुएल कार्थक | डीकन राजु तामाङ्ग | पाष्टर अशोक मुखिया | श्री स्टिभ नोबल्स | पाष्टर दफ्तन सादा | डीकन बाबुराम के.सी. | पाष्टर रोल्याण्ड रोंगोंग |
| असार ७ June 21 | पाष्टर प्रेम श्रेष्ठ | श्री सरुषमान तामाङ्ग | डीकन बागमान तामाङ्ग | श्री स्टिफन राई | डीकन घनश्याम दाहाल | एल्डर ग्रेस खालिङ | एल्डर सिमोन खालिङ |
| असार १४ June 28 | डीकन सिमोन पाठक | पाष्टर अशोक मुखिया | श्री राजु राई | पाष्टर रोबर्ट कार्थक | एल्डर रूबेन श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा ललितपुर चर्च |
| असार २१ July 5 | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | श्रीमती रस्मिला तामाङ्ग | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर बि.बि. खवास | एल्डर श्रीलक्ष्मी सैंजु | पाष्टर दफ्तन सादा | पाष्टर राजेन्द्र कु. रोंगोंग |

"माग त तिमीहरूलाई दिइनेछ, ... हरेक जसले माग्छ त्यसलाई दिइनेछ, भन्नुहुने प्रभुले नै यसरी पनि भन्नुभएको छ, "तिमीहरू दुष्ट भएर पनि आफ्ना छोराछारीलाई असल कुरो दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ्ता गरेर पवित्र आत्मा दिनुहुनेछ (लूका ११:९-१०,१३) ।

तपाईंले पनि आफ्नो स्वर्गीय पितासँग विश्वाससाथ माग्नुहोस् । तपाईंले पनि आत्माको वरदान सित्तैंमा पाउनुहुनेछ । जसरी येशू प्रभुलाई विश्वासद्वारा आफ्नो मुक्तिदाता गरी हृदयमा ग्रहण गर्नुभयो त्यसरी नै अब पवित्र आत्मा परमेश्वरलाई पनि विश्वासद्वारा आफ्नो शान्तिदाता, शक्तिदाता, गरी हृदयमा ग्रहण गर्न सक्नुहुन्छ । हुनलाई येशू प्रभुलाई ग्रहण गरेकै दिन पवित्र आत्मा तपाईंको हृदयमा आइसक्नुभएको छ तर पेन्तिकोसको यो अनुभवले तपाईंलाई उहाँको भरपूरीको ज्ञान प्राप्त गराउँछ ।

यो अनुभव सबै विश्वासीहरूको निम्ति हो । त्यस दिन १२० जना येशू प्रभुका विश्वासी चेलाहरूले यो अनुभव प्राप्त गरे । प्रेरित २:४ अनुसार तिनीहरू सबै जना पवित्र आत्माले भरिए ।

योएल अगमवक्ताद्वारा आएको परमेश्वरका वचन प्रेरित २:१७ मा यसरी लेखिएको छ, "म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइ दिनेछु ।" प्रेरित २:३९ मा पनि पत्रुस भन्दछन्, "यो प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानको निम्ति र टाढा टाढामा रहेका सबैका निम्ति हो प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ ।" यसर्थ पवित्र आत्माको भरपूरीको यो अनुभव हरेक विश्वासीले पाउनै पर्छ । यो भरपूरीविना हामी परमेश्वरको निम्ति काम लाग्दा बलिया, सफल सेवक/सेविकाहरू बन्न सक्तैनौं । यो भरपूरीबिना हामी विजयी ख्रीष्टिय जीवन जिउन सक्तैनौं ।

प्रेरित २:४ मा लेखिएको छ, 'अनि तिनीहरू सबै पवित्र आत्माले भरिए र आत्माले तिनीहरूलाई उच्चारण गर्न दिए बमोजिम तिनीहरू अरू भाषाहरूमा बोल्न लागे' पवित्र आत्माको भरपूरी पाएपछि तिनीहरू आत्माले भरिएका छन् भन्ने कुराको यो पहिलो देखिने प्रमाण थियो । तिनीहरूले विभिन्न भाषामा बोलिरहेको अरूहरूले पनि सुने र देखे । परमप्रभुको स्तुति प्रशंसा गर्दा गर्दै अचानक तिनीहरूले कहिल्यै नबोलेका, नजानेका, नसिकेका भाषामा बोल्न लाग्दा सबै छक्क परे । पवित्र आत्माले स्वयं तिनीहरूलाई ती शब्दहरू उच्चारण गर्न दिनुभयो, बोल्नेचाहिँ तिनीहरू नै थिए । यो अनौठो अनुभवले तिनीहरूलाई परमप्रभुको प्रशंसा गर्नमा नयाँ जोश, नयाँ उमङ्ग, नयाँ उत्साह, नयाँ प्रेरणा दियो । पवित्र आत्माले दिनुभएको यो वरदान हामीले चलाइरहचौं भने हामी परमप्रभुको प्रशंसा ठीक ढङ्गले गर्न सक्छौं । त्यति मात्र होइन हाम्रा जीवनका सबै क्षेत्रमा हामी स्वयं उहाँको प्रशंसा बन्नेछौं । पवित्र आत्माको अभिषेक पाएर जिइएको हाम्रो असल जीवन देखेर मानिसहरूले परमप्रभुको प्रशंसा गर्नेछन् ।

मण्डलीले पाएको पवित्र आत्माको पेन्तिकोसको सामूहिक अनुभव हाम्रो व्यक्तिगत अनुभव पनि बन्नुपर्छ । पेन्तिकोसको दिन ती चेलाहरू सबै आत्माले भरिए तर प्रेरित २:३ अनुसार आगोको जस्तो चिरा परेका जिब्राहरू तिनीहरू एक एकमाथि आएर बसे । प्रभु गरून्, पवित्र आत्माको बप्तिस्मा र भरपूरीको यो अनुभव हामी हरेक विश्वासीको व्यक्तिगत अनुभव बनोस् ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ८:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल, साँखु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश — दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|
| जेठ ३१<br>June 14 | श्री<br>राज गुरुङ्ग | श्री<br>लाक्पा लामा | डीकन<br>नर बहादुर श्रेष्ठ | श्रीमती<br>रेणु घ्लान | श्री<br>अशोक सुनार | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>जय सिंह |
| असार ७<br>June 21 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | डीकन<br>अर्जुन ढकाल | श्री<br>सुरेन्द्र सापकोटा | श्रीमती<br>शान्ति तामाङ्ग |
| असार १४<br>June 28 | श्री<br>अमृत लामा | डीकन<br>रबि श्रेष्ठ | श्री<br>कृष्ण तामाङ्ग | सुश्री<br>दिल कु. तामाङ्ग | श्री<br>लाक्पा लामा | एल्डर<br>छयोदेन कार्थक | डीकनेस्<br>निर्मला ढुङ्गेल | डीकन<br>बेञ्जामिन तामाङ्ग |
| असार २१<br>July 5 | डीकन<br>पासाङ्ग तामाङ्ग | डिकनेस्<br>राम माया नगरकोटी | डीकन<br>रबि श्रेष्ठ | सुश्री<br>चिनु घ्लान | श्री<br>भक्ति लामा | पाष्टर<br>एल.पी. न्यौपाने | पाष्टर<br>बर्णबास श्रेष्ठ | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## हार्दिक बधाई



वैशाख १५ गते/अप्रिल २८ तारिख सोमबार नेइम ललितपुर चर्चको सदस्य श्री **सुन दोर्जे तामाङ्ग** र नेइम तिनतल्ले मण्डली हेटौंडाका सदस्य सुश्री **मन कुमारी स्याङतान**को नेइम तिनतल्ले मण्डली हेटौंडामा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती सुन दोर्जे र मन कुमारी तामा**ङ्गलाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



वैशाख १८ गते/मे १ तारिख बिहीबार श्री **रक्की देउला** र सुश्री **सृजना खड्गी**को नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती रक्की** र **सृजना देउला**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



बैशाख २८ गते/मे ११ तारिख आइतबार श्री **स्टिभन बुढाथोकी** र सुश्री **केद्मा मुखिया**को नेपाली इसाई मण्डली ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती स्टिभन र केदमा बुढाथोकी**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेष्ठ ५ गते/मे १९ तारिख सोमबार नेइम सुन्दरीजल चर्चको सदस्य श्री **यम राज श्रेष्ठ** र नेइम केउरेनी चर्च रामेछापकी सदस्य सुश्री **संगिता श्रेष्ठ**को नेइम केउरेनी चर्च रामेछापमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा **श्रीमान/श्रीमती यम राज र संगिता श्रेष्ठ**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी



जेठ ११ गते/मे २५ तारिख आइतबार पुरानो बानेश्वर बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती हरि माया डंगोल ७७ वर्षको उमेरमा प्रभुमा सुत्नु भयो ।



जेठ १२ गते/मे २६ तारिख सोमबार धोबिधारा, पुतली-सडक बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती सुन्तली माया श्रेष्ठ ८२ वर्षको उमेरमा प्रभुमा सुत्नु भयो ।

### नेइम परिषद्को सूचना

असार २२ गते/जुलाई ६ तारिख आइतबार नेइम परिषद्को बैठक बिहान १० बजे नेइम ज्ञानेश्वर चर्चमा ।

## जानकारी

१) चैत्र २१ गते/अप्रिल ४ तारिख शुक्रबार नेइम ललितपुर मण्डलीको ८ जना, नेइम भैंसेपाटी मण्डलीको १ जना र नेइम गुरुजुधारा मण्डलीको १ जना गरी जम्मा १० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

२) वैशाख ५ गते/अप्रिल १८ तारिख शुक्रबार नेइम कुवापानी मण्डली नुवाकोटको ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३) वैशाख २१ गते/मे ४ तारिख आइतबार नेइम सिर्जनानगर मण्डलीको ५ जना र ज्ञानेश्वर मण्डलीको १ जना गरी ६ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

४) वैशाख २७ गते/मे १० तारिख शनिबार नेइम जोरपाटी मण्डलीको ४ जना र गाम्चा मण्डलीको १ जना गरी ५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

५) जेठ १० गते/मे २४ तारिख शनिबार नेइम ललितपुर मण्डलीको १३ जना सदस्यहरूले समर्पण गर्नुभयो ।

६) जेठ १६ गते/मे ३० तारिख शुक्रबार नेइम गोंगबूँ मण्डलीको ४१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

७) जेठ १७ गते/मे ३१ तारिख शनिबार नेइम दुइ पिपल संगतिको ५ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>**Sunday** | २५ 8<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**२ कोरिन्थी २:१४-१७** | १ असार 15<br>आज हुने प्रार्थनाको समय आशिषमय हुन सकोस् ।<br>**मत्ती १८:१८-२०, याकूब ५:१६** | ८ 22<br>नेपाल देशका सबै जिल्लाहरूमा सुसमाचार प्रचारिन सकून् र धेरै नेपालीहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**रोमी १०:१३-१५, यूहन्ना १७:३-४** | १५ 29<br>शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनको निम्ति पवित्र आत्माको सहायता र अगुवाइ मागिदिऔं ।<br>**भजन ७८:७१-७२, २ कोर. १२:९** |
| **सोमबार**<br>**Monday** | २६ 9<br>हप्ताभरि विभिन्न ठाउँहरूमा हुने बिहानको प्रार्थना सभामा मण्डलीले प्रार्थनाको महत्व बुझी प्रार्थना सभामा आउन सकून् ।<br>**यशैया ५६:६-८** | २ 16<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति र पारिवारिक वेदी कहिल्यै नसेलाएको होस् ।<br>**भजनसंग्रह २६:८, १३२:७** | ९ 23<br>प्रभुले मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको निम्ति सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**१ कोरिन्थी ३:५-११, १५:५८** | १६ 30<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>**भजन ८९:१५-१७, फि. ४:१०-१३** |
| **मंगलबार**<br>**Tuesday** | २७ 10<br>सबै सेवक/सेविकाहरूको सेवकाइमा पवित्र आत्माको अगुवाइ, भरपूरी र सहायता मागिदिऔं ।<br>**१ कोरिन्थी २:१०-१३,१ तिमोथी १:१२** | ३ 17<br>मण्डलीमा भइरहेको आत्मिकी सेवामा आत्माको भरपूरी पाउनुका साथै छुटकारा, चंगाई तथा निको हुवाई पाउन सकून् ।<br>**यूहन्ना ७:३७-३८, ८:३६** | १० 24<br>चाडपर्वका समयमा भर्खरै विश्वास गरेकाहरू, अधुरो परिवारमा रहनुभएकाहरू साथै बप्तिस्मा लिनुभएकाहरू सबै परिस्थितीमा स्थीर रहन सकून् ।<br>**१ पत्रुस ४:१२-१६, रोमी ८:३१-३९** | १७ July 1<br>मण्डलीलाई अगुवाइ गरिराख्नु भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून्<br>**फिलिप्पी २:१-५, १ कोरिन्थी १:१०** |
| **बुधबार**<br>**Wednesday** | २८ 11<br>विभिन्न संगति झुण्डका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा अझ उत्साहसाथ गर्दै जान सकून् ।<br>**२ कोरिन्थी ३:४-६** | ४ 18<br>मण्डलीका विरुद्धमा खडा हुने अन्धकारका शक्तिहरूलाई येशू प्रभुको नाउँमा खण्डलन गरौं ।<br>**२ कोरिन्थी १०:३-५** | ११ 25<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>**कलसी २:१२, २ कोरिन्थी ५:१५** | १८ 2<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउन सकौं भनी प्रार्थना गरौं ।<br>**१ कोरिन्थी २:१०-१२ यू. १६:१३** |
| **बिहीबार**<br>**Thursday** | २९ 12<br>परिवारका सबै सदस्यहरू परिवारमा, मण्डलीमा र समाजमा असल साक्षी भएर जिउन सकून् ।<br>**मत्ती ५:१३-१६, २ कोरिन्थी ३:३-४** | ५ 19<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन आफ्नो परिवार र मण्डलीको लागि आशिषमय बन्न सकून् ।<br>**रोमी १६:३-५, प्रेरित १८:२४-३६** | १२ 26<br>सबै जवानहरू आफूले पाएको मुक्तिको सुसमाचार सुनाउन अझै बोझ र दर्शनकासाथ लागिपर्न सकून् ।<br>**रोमी १०:१४-१७, प्रेरित १३:४६-४९** | १९ 3<br>सबै बालबालिकाहरूको आत्मिक जीवन, पढाई, स्वास्थ्य र सुरक्षाको लागि प्रार्थना गरिदिऔं ।<br>**मर्कूश १०:१३-१६** |
| **शुक्रबार**<br>**Friday** | ३० 13<br>भोलि विश्वका २०० भन्दा बढी राष्ट्रहरूमा प्रचारिने सुसमाचारद्वारा करोडौं मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>**१ तिमोथी २:१-३, भजन १२६:१-६** | ६ 20<br>आराधना सेवामा आउनेहरू आत्मा र सत्यतमा आराधना गर्न र वचन सुन्नका निम्ति हृदयको तयारीमा आउन सकून् ।<br>**यूहन्ना ४:२३-२४, कलसी ३:१६-१७** | १३ 27<br>मण्डली वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून् ।<br>**याकूब १:२२, १ यूहन्ना ३:१८** | २० 4<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले खीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।<br>**यशैया ४५:२०-२३** |
| **शनिबार**<br>**Saturday** | ३१ 14<br>झूटा शिक्षा र शिक्षकको भर्माउने कुराहरूबाट होशियारी रहन मण्डलीका सबै सदस्यहरूलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।<br>**गलाती १:७-१२, २ यूहन्ना १:७-१०** | ७ 21<br>प्रभुको नाउँको खातिर दुःख, कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै प्रभुको साक्षी हुन सकून् ।<br>**यूहन्ना १६:३३** | १४ 28<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू खीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**यशैया ५५:१-७** | २१ 5<br>विश्वव्यापी मण्डलीहरूमा हुने आराधना सेवामा परमेश्वरको इच्छा पूरा भएको होस् र उहाँलाई नै सदा महिमा मिलेको होस् ।<br>**यशैया ५५:६-१३** |